का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ माघ २०७९,
शनिबार
21 January 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपसभामुखमा प्रेरणादायी इन्दिरा

संवैधानिक परिषद्को सदस्य भएर बिभिन्न संवैधानिक आयोगहरुमा नियुक्तिको निर्णय लिने पद हो उपसभामुख । विगतमा जस्तै उपसभामुख भएर पनि आम नागरिकका पक्षमा हुने काममा निर्णायक भूमिका खेल्ने उनको प्रतिबद्धता छ ।



"म सधैं सडकमा कराइरहने भुईं मान्छे, सबैको साथ पाएर यो ठाउँमा पुग्न लागेकी छु । भुईं मान्छेकै पक्षमा निर्णायक भूमिका खेल्नेछु ।"

■ *इन्दिरा राना मगर*
*उम्मेदवार, उपसभामुख*

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

सत्ता साझेदार दलहरुका तर्फबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की इन्दिरा राना मगरले उपसभामुखमा उम्मेदवारी दर्ता गरेकी छन् । एमाले, माओवादी केन्द्र, रास्वपा, राप्रपा र जनमत पार्टीबीच रास्वपाले उपसभामुख लिने सहमति छ । सोही अनुसार उनले सत्ता गठबन्धन दलको समर्थनमा उम्मेदवारी दर्ता गराएकी हुन् ।

उनलाई उपसभामुखमा रास्वपाका सोविता गौतमले प्रस्ताव गरेकी हुन् भने समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ, नेकपा माओवादी केन्द्रकी नारायणी शर्मा र राप्रपाका राजेन्द्र लिङ्देन छन् । अहिलेसम्मको परिदृश्य अनुसार सम्भवतः उनै राना मगर उपसभामुखमा आज निर्वाचित हुनेछिन् ।

उपसभामुखकी उम्मेदवार इन्दिराकै शब्दमा उनी 'भुइँ मान्छे' हुन् । उपसभामुखमा उम्मेदवारी दर्ता गरेपछि उनले भनेकी छन्, 'म सधैं सडकमा कराइरहने भुइँ मान्छे सबैको साथ पाएर यो ठाउँमा पुग्न लागेकी छु, भुइं मान्छेकै पक्षमा निर्णायक भूमिका खेल्नेछु ।' उपसभामुख भएर आम नागरिकका पक्षमा हुने काममा निर्णायक भूमिका खेल्ने रानाको प्रतिबद्धता छ ।

इन्दिरा कैद भुक्तान गरिरहेका आमासँगै कारागार पुगेका तथा त्यहीँ जन्मिएका बालबालिकाको शिक्षादीक्षामा काम गर्दै आएकी महिला हुन् । उनलाई बीबीसीले सन् २०१७ का लागि छानिएका विश्वका सय प्रेरणादायी महिलाको सूचीमा राखेको थियो । उनी बन्दी सहायता नेपालकी संस्थापक अध्यक्ष हुन । बन्दी सहायता नेपालले आमासँगै कारागार पुगेका वा त्यहीँ जन्मिएका बालबालिकाको शिक्षा र संरक्षणको काम गर्दै आएको छ । उनको यही कार्यलाई उच्च प्रशंसा गदै बीबीसीले विश्वका ६० प्रेरणादायी तथा सिर्जनशील महिलाभित्र इन्दिरालाई राखेको थियो । त्यसबेला बीबीसीले उच्चपद प्राप्ति, महिला निरक्षरता, सडक दुर्व्यवहार र खेलमा लैंगिक विभेदका क्षेत्रका काम गर्ने गरी चार शीर्षकमा प्रेरणादीय महिलाको छनौट गरेको थियो । उक्त सूचीमा लाइबेरियाकी राष्ट्रपति एलेन जनसन सर्लीफ, अन्तरिक्षयात्री पेगी ह्वीट्सन्, इन्गलण्डका फुटबल खेलाडी स्टेफ हग्टन, कलाकार तथा कवयित्री रुपी कौर र एसिड आक्रमणबाट बच्न सफल रेशम खान लगायत परेका थिए । उनै इन्दिरा नेपाललागि उच्च पद प्राप्त गर्न समेत सफल भएकी छन् ।

गत ४ मंसिरको आम चुनावको केही महिना अगाडि मात्रै खुलेको रास्वपाले उनको नाम समानुपतिक सूचीमा राखेको थियो । रास्वपाले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १२ सिट जित्यो । उक्त १२ जनामध्येमा पर्दै संघीय सांसद भएकी इन्दिराले उपसभामुखको उम्मेदवार बन्ने अवसर प्राप्त गरेकी हुन् ।

२०२७ सालमा झापाको शनिश्चरे-६ मा जन्मेकी इन्दिराले समाजसेवा बापत सन् २००५ मै अशोक फेलो जितेकी थिइन् । काठमाडौंको – बाँकी पृष्ठ २ मा

## व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता घटना समयमा नै दर्ता गरौं/गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा नि:शुल्क रुपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रचण्डले फेरि फ्याँके वाम एकताको कार्ड !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वाम एकताको आवश्यकतामा जोड दिएका छन् । नेपालका कम्युनिस्टहरूको एउटै केन्द्र बनाउन आवश्यक रहेको प्रचण्डको भनाइ छ ।

शुक्रबार सिंहदरबारमा नेकपा बहुमतका नेता धमेन्द्र बास्तोला नेतृत्वको टोलीसँग भएको भेटमा प्रचण्डले वाम एकतामा जोड दिए । तत्कालीन नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एकता अर्थात, वामपन्थी एकता जोगाउन नसकेर वाम लोकतान्त्रिकको नारा लगाउन पुगेका प्रचण्ड रहर वा वाध्यता जे कारणले भए पनि फेरि वाम एकताको कार्ड फाल्न विवश भएका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कित्ताबाट आफूलाई अलग्याउने कांग्रेसको प्रयास चलिरहँदा प्रचण्डले कम्युनिस्टहरूको एकतामा जोड दिनु अर्थपूर्ण छ । तर, प्रचण्डले ओली नेतृत्वको नेकपा एमाले भनेर किटान गरेका छैनन् । नेपालका कम्युनिस्टहरूको एउटै केन्द्र बनाउन आवश्यक – बाँकी पृष्ठ २ मा

> ओलीको कित्ताबाट आफूलाई अलग्याउने कांग्रेसको प्रयास चलिरहँदा प्रचण्डले कम्युनिस्टहरूको एकतामा जोड दिनु अर्थपूर्ण छ ।

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारीमा रहेका नेपालीको हितलाई केन्द्रमा राखेर काम गर्छु : प्रधानमन्त्री प्रचण्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगार व्यवसाय संवेदनशील रहेको भन्दै व्यवस्थित र मर्यादित बनाउनुपर्ने बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९औं साधारण सभा उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार व्यवसायले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको तर यसभित्र थुप्रै समस्या, विकृति र विसंगति रहेको आफूले सुनेकाले त्यसको अन्त्य गर्नुपर्ने बताए ।




प्रधानमन्त्री दाहालले आफू दोस्रोपटक प्रधानमन्त्री हुँदा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको हितका पक्षमा केही महत्वपूर्ण काम गरेको उल्लेख गरे । उनले त्यसबेला विदेशमा रहेका नेपाली कामदारको बीमा, श्रम स्वीकृति र क्षतिपूर्तिको रकममा वृद्धिलगायत महत्वपूर्ण निर्णय गरेको भन्दै यसपटक पनि वैदेशिक रोजगारीमा रहेका नेपालीको हितलाई केन्द्रमा राखेर थप काम गर्ने बताए ।



प्रधानमन्त्री दाहालले आफ्नो तेस्रो कार्यकाल राष्ट्रको विकास, समृद्धि र सुशासनका निम्ति काम गरी देशलाई नयाँ दिशा दिनैपर्ने परिस्थितिमा रहेको बताए ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलराज अर्याललले बाध्यात्मकको वैदेशिक रोजगारी अन्त्य गरी वैदेशिक रोजगारीलाई स्वेच्छिक बनाउने बताए । हाल अदक्ष तथा अर्धदक्ष कामदार वैदेशिक रोजगारमा गइरहेको भन्दै उनीहरुलाई जानुअघि सीप सिकाई दक्ष बनाउने, द्विपक्षीय श्रम सम्झौता, सेवा प्रवाह, विधुतीय प्रविधिको प्रयोग र वैदेशिक रोजगार ऐनमा समयसापेक्ष परिमार्जन – बाँकी पृष्ठ २ मा

## मलेसियामा बन्धक बनाइएका थप १२ नेपालीको उद्धार

**काठमाडौं/मस–** मलेसियामा कम्पनीद्वारा बन्धक बनाइएका थप १२ नेपाली कामदारको उद्धार गरिएको छ । कम्पनीद्वारा बन्धक बनेको सार्वजनिक भएको २० दिनपछि शुक्रबार गोरखाका ३ सहित १२ जना कामदार नेपाल फर्किएका हुन् । बन्धक बनाइएका ७ जना कामदार गत साता बुधबार स्वदेश फर्किएका थिए ।

स्वदेश फर्किनेमा गोरखाका टीकाराम गोतामे, विष्णुप्रसाद ढकाल र सुजन गोतामे, मकवानपुरका प्रदीप कोइराला र भेषबहादुर सुवेदी, चितवनका सन्तोष परियार, धादिङका सुरज खड्का, उदयपुरका इन्द्रबहादुर क्षेत्री, सप्तरीका सुनील अधिकारी, रौतहटका हजारीप्रसाद पटेल, विरवलराय यादव र हिरालाल राउत नेपाल फर्किएका हुन् । उनीहरु आफैंले जहाज भाडा व्यहोरेर स्वदेश फर्किएको बताइएको छ ।

# राज्यले नदेख्ने उखु किसानका समस्या

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

कृषिप्रधान देशका रुपमा परिचित मुलुकमा उखु किसानहरु वर्षौंदेखि चिनी मिलबाट ठगिनु सामान्य जस्तै बन्दै आएको छ । उखुको मूल्य नपाएको भन्दै किसानहरुले माईतीघरमा पटक पटक आन्दोलन र धर्नाका कार्यक्रम पनि अघि बढाउँदै आएका छन् । तर, पछिल्ला दिनमा सरकारबाटै पैसा नआएको भन्दै कपिलवस्तुका किसान आन्दोलित भएका छन् । आर्थिक वर्ष २०७१/७२ मा प्रतिक्विन्टल नेपाल सरकारले दिने निर्णय गरेको रकम समेत अहिलेसम्म नपाएको भन्दै किसानले धर्ना दिएका हुन् । सिँचाइको व्यवस्था, ट्र्याक्टर खरिदमा भन्सारमा – बाँकी पृष्ठ २ मा



## युएईमा Security Guards हरूको लागि वैदेशिक रोजगारको अवसर

कम्पनी: AHS SECURITY SERVICES — शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१०/०६ — चलानी नं.: ६०१९५३०२ — LT. No.:279728

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guards | 90 | 0 | स. काममा दक्ष | 1200 | ४२,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १४ गते (28 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. License No: 990/067/068

Real Radiantal International Pvt.Ltd.
Dhumbarahi 4, Kathmandu, Nepal. Tel No: 4528218, 4517859

## कर्णाली प्रदेश

# नेतृत्वमा दुई महिला

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, ६ माघ



कर्णाली प्रदेशमा प्रदेश सभाको नेतृत्व गर्ने अवसर यस पटक महिलाले पाएका छन् । यसअघि महिलालाई संसदमा प्रथामिकतामा नराखेको बारे विभिन्न टिकाटिप्पणी भएको हुँदा यस पटक भने कर्णाली प्रदेश सभाको नेतृत्व गर्ने अवसर महिलालाई मिलेको हो । मुलुक संघीयतामा गएपछि प्रदेशको सभामुखमा महिला निर्वाचित भएको यो पहिलो रेकर्ड हो । यस अघि देशका सातै प्रदेशमा महिला सभामुख बनेका थिएनन् । यसअघि प्रतिनिधि सभाको सभामुखमा ओनसरी घर्ती बनेकी थिइन् । तर प्रदेशमा महिला सभामुख बनेको भने यो पहिलो पटक हो । कर्णाली प्रदेशको सभामुखमा नेकपा एमालेकी नन्दा गुरुङ र उपसभामुखमा नेकपा माओवादीकी यशोदा न्यौपाने निर्वाचित भएर यो रेकर्ड राख्न सफल भएका हुन् । कर्णाली प्रदेशमा सत्तारुढ गठबन्धनले सभामुख र उपसभामुख दुवै पदमा महिलालाई नै उम्मेदवार बनाएको थियो भने नेपाली कांग्रेसले सभामुखको लागि एक जना पुरुष र उपसभामुखको लागि एक जना महिलालाई उम्मेदवार बनाएको थियो ।

प्रदेशसभामा कांग्रेसका १४, माओवादीका १३, एमालेका सभामुखसहित १०, राप्रपा र एकीकृत समाजवादीका र स्वतन्त्रका एक/एक जना गरी ४० जना सांसद छन् । प्रदेश सभाको दोस्रो कार्यकालको पहिला अधिवेशनको तेस्रो बैठकमा ४० जना र पाँचौं बैठकमा ३८ जना सांसद सहभागी भएका थिए ।

कर्णालीमा सत्तारुढको पक्षमा २५ र नेपाली कांग्रेसको पक्षमा १५ जना सांसद रहेका छन् । सत्तारुढ गठबन्धनले बनाएका महिला उम्मेदवारको जित निश्चित देखिएको थियो । यसकारण पनि संसदले महिला नेतृत्व पाएको दलहरूले बताएका छन् । कर्णाली प्रदेशसभामा महिलाले नेतृत्व गर्ने अवसर पाए पछि समाजमा केही रुपान्तरण आउँने र यसले महिलालाई नेतृत्वमा अघि बढ्न थप प्रेरित गर्ने आशा गरिएको छ । आइतबार भएको सभामुखको निर्वाचनमा गुरुङले २४ मत प्राप्त गर्दै निर्वाचित भएकी हुन् । गुरुङलाई एमालेको १०, नेकपा माओवादी केन्द्रको १३ र राप्रपाको एक मत गरी जम्मा २४ मत प्राप्त भएको थियो । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका खड्गबहादुर पोखरेलले १४ मत प्राप्त गरेका थिए । पोखरेलले कांग्रेसको १३ र नेकपा एकीकृत समाजवादीको एक मत प्राप्त गरेका हुन् । ज्येष्ठ सदस्य कांग्रेसका हिकमतबहादुर बिष्ट एकजना स्वतन्त्र सांसद देवेन्द्रबहादुर शाहीले भने पोखरेलको पक्षमा मतदान गरेनन् । कर्णालीको दोस्रो सभामुख बनेकी गुरुङ समानुपातिक कोटाबाट सांसद बनेकी हुन् । सुर्खेतबाट समानुपातिकमा निर्वाचित सभामुख गुरुङ कर्णाली प्रदेश सभाको इतिहासमा पहिलो महिला सभामुख भएकी छिन् । सत्तारुढ गठबन्धनबाट उम्मेदवारी दिएकी गुरुङको प्रस्तावकमा सुर्खेत निर्वाचन क्षेत्र २ पदेशसभा ९क० बाट प्रदेश सभा सदस्यमा निर्वाचित यामलाल कँडेल र मुख्यमन्त्री राजकुमार शर्मा सर्मथकमा रहेका थिए ।

यस्तै सुर्खेतको निर्वाचन क्षेत्र नम्बर एक (क) बाट निर्वाचित भएका नेपाली कांग्रेस सुर्खेतका सभापति पोखरेलको प्रस्तावकमा दैलेख निर्वाचन क्षेत्र नम्बर एक (क) बाट निर्वाचित पूर्ण बहादुर खत्री र कालिकोटकी सांसद विजया बुढा रहेकी थिइन् । यस्तै उपसभामुखमा नेकपा माओवादी केन्द्रकी यशोदा न्यौपाने निर्वाचित भएकी छिन् । बुधबार दिउँसो प्रदेश सभा बैठकमा भएको निर्वाचनमा सत्तारुढ गठबन्धनको समर्थन पाएकी न्यौपानेले २४ मत पाएर निर्वाचित भएकी हुन् । ४० सदस्यीय प्रदेशसभामा न्यौपानेलाई उपसभामुख निर्वाचित गरियोस् भन्ने प्रस्तावकमा कृष्णबहादुर जिसी र विनोद कुमार शाह समर्थकमा रहेका थिए । उनलाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको विपक्षमा १४ मत परेको थियो भने जुम्ला प्रदेशसभाबाट निर्वाचित देवेन्द्र कुमार शाही तटस्थ बसको थिए । कालिकोटकी न्यौपाने समानुपातिक प्रणालीमार्फत सांसद बनेकी हुन् । न्यौपानेलाई माओवादी केन्द्रको १३, नेकपा एमालेका ९, एकीकृत समाजवादी र राप्रपाका एक/एक जना प्रदेश सभा सदस्यले मतदान गरेको कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनको पाँचौं बैठकमा सभामुख गुरुङले जानकारी दिएकी थिइन् । कालीकोटकी न्यौपाने समानुपातिक प्रणालीमार्फत सांसद बनेकी हुन् । कर्णाली प्रदेशमा सत्ता गठबन्धनमा माओवादीले मुख्यमन्त्री, एमाले सभामुख र माओवादीले उपसभामुख लिने सहमति भएको थियो ।

### को हुन् सभामुख गुरुङ ?

आइतबार २४ मतान्तरले विजयी भएकी कर्णालीकी सभामुख नन्दा गुरुङ २०२३ सालमा दैलेखको नारायण नगरपालिका-७ नयाँगाउँमा जन्मिएर २०४६ सालदेखि राजनीति शुरू गरेकी हुन् । वीरेन्द्रनगर नगरपालिका-२ सुर्खेत घर भएकी सभामुख गुरुङको बाल्यकाल भने लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा बितेको थियो । नेकपा एमालेको जनवर्गीय संगठन अखिल नेपाल महिला संघबाट उनले राजनीतिक यात्रा थालेकी थिइन् । सभामुख गुरुङ ०४६ सालदेखि एमालेको राजनीतिमा फड्को मार्दै ०५४ सालमा सुर्खेत जिल्लाको साविक उत्तरगंगा गाविस-४ को वडा सदस्य बनेकी थिइन् । उनी हाल एमालेको प्रदेश कमिटीको सचिवालय सदस्य र अखिल नेपाल महिला संघको सुर्खेत अध्यक्ष पदमा रहेकी छन् । उनले अहिले स्नातकोत्तर अध्ययन गरिरहेकी गरेकी छन् । गुरुङ राजनीतिमा लागेको ३१ वर्षपछि सभामुखको पदमा पुगेर ईतिहासमै आफ्नो नाम लेखाउन सफल भएकी हुन् । सभामुख गुरुङका श्रीमानको मृत्यु भने २०५४ सालमा भएको थियो ।

### को हुन् उपसभामुख न्यौपाने ?

कर्णाली प्रदेशको उपसभामुमा निर्वाचित भएकी यशोदा न्यौपाने विसं २०४० असोज ३ गते आमा धनरुपा र बुवा धन्नजय न्यौपानेका तीन दाजुभाइका माझ एक छोरीका रूपमा जुम्लाको तातोपानी गाउँपालिका-४ हाँकुमा जन्मिएकी हुन् । न्यौपानेले १३ वर्षको उमेरदेखि राजनितिक यात्रा शुरु गरेकी थिइन् । उनी करिब तीन वर्षसम्म नेकपा एमालेमा संगठित थिइन् । न्यौपाने विद्यालयमा पढ्दै गर्दा अखिल क्रान्तिकारीको संगठन र नेकपा माओवादी केन्द्रको पार्टीमा आवद्ध थिइन् । पार्टीमा जोडिँदै गर्दा कलाकार हुँदै उनी अखिल क्रान्तिकारी विद्यार्थी सङ्गठनको एरिया उपाध्यक्ष र पछि महिलाको एरिया अध्यक्ष बनिन् । त्यसको एक वर्षपछि २०५८ मा एरिया सेक्रेटरी, त्यसको अन्त्यतिर पार्टीको जिल्ला कमिटी सदस्य, महिला सङ्गठनको जिल्ला कमिटी सचिव हुँदै अखिल नेपाल किसान सङ्गठन क्रान्तिकारी क्षेत्रीय ब्यूरो सदस्य बनिन् । विसं २०५९ मा माओवादीद्वारा गठित जनमुक्ति सेनाको प्लाटुन कमाण्डर बनिन् । यस्तै, २०५७ सालमा उनको कालिकोटमा विवाह भयो । उनीलाई अखिल क्रान्तिकारीको संगठनमा रहदा राजनितीमा होमिनु पर्छ भन्ने चासो लागेको थियो । उनले २०६५ सालमा एसएलसी पास गरेकी हुन् । उनी नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्यसमेत हुन् । उनले हाल कक्षा १२ मा अध्ययन गरिरहेकी छन् । सभामुख गुरुङ र उपसभामुख न्यौपानेले २४र२४ मत ल्याएर कर्णाली प्रदेश सभाको नेतृत्व गर्ने अवसर पाएकी हुन् ।

## उपसभामुखमा...

नयाँबजारको बाल आवासगृहमा २८, साँखुमा ८६ र झापाको खुदुनाबारीस्थित बालगृहमा १० बालबालिकाको लालनपालन गरिरहेकी उनले ती बालबालिकाका लागि जूनकिरी नामका दुई वटा प्राथमिक स्कूल पनि चलाएकी छन् । साँखुको जूनकिरी र खुदुनाबारी दुबैमा डेढ/डेढ सय बढी सयबालबालिका अध्ययनरत छन् ।

इन्दिराले पाल्पा र भक्तपुरमा युथ होम पनि खोलेकी छन् । आवासगृहमा ठूलाले साना बालबालिकाको हेरचाह गर्ने नियम बसाएकी छन् । ठूला दुईको भागमा साना पाँच जना तोकिएको छ । कर्मचारी नपुगेर नभई बालबालिकालाई जिम्मेवार बनाउन र पारिवारिक माहोल सिर्जना गर्न यसो गरेको इन्दिरा बताउँछिन् ।

ठूलालाई आफ्नो खुट्टामा उभिन सजिलो होस् भनेर पेन्टिङ, सिलाई/बुनाई, कृषि जस्ता आयमूलक काम पनि सिकाउने गरेकी छन् । इन्दिराले करागारका वयस्क बन्दीहरूलाई पनि सहयोग गरिरहेकी छन् । सरकारले एक शिक्षक दिएको काठमाडौंको महिला कारागारभित्रको प्राथमिक विद्यालयमा इन्दिराले तीन शिक्षकको व्यवस्था गरेकी छन् ।

बाबुआमाको अपराध प्रमाणित भएपछि कारागार पुगेका निर्दोष बालबालिकाको अभिभावकत्व लिएर सीएनएन हिरो बनेकी पुष्पा बस्नेत पनि शुरुमा इन्दिराकै संस्था पिए, नेपालमा स्वयंसेवक थिइन् । उनले इन्दिराकै रोहबरमा कारागारबाट तीन जना बालबालिका लगेर प्रारम्भिक बाल विकास केन्द्र आरम्भ गरेकी हुन् । अर्थात, इन्दिरा आफैंले जन्माएकी छोरी मात्र नभएर सयौंको 'आमा' बनेकी छन् । सयौंले आमा भनेर बोलाउँदा संसार जितेको अनुभूति हुने बताउने इन्दिरा उपसभामुख जस्तो राज्य संचालनको उच्चतम थालोमा पुगेकी छन् । अभावपूर्ण बाल्यकाल बिताएकी इन्दिरा ११ वर्षमा एकैचोटि पाँच कक्षामा भर्ना भएकी थिइन् । २०५३ मा स्नातक गरेर समाजसेवामा लागेकी इन्दिराले अब राज्य संचालनको उच्च तहबाट सेवा गर्नुपर्नेछ ।

उपसभामुख, सभामुख नहुँदा सभा चलाउने पद मात्रै होइन्, संवैधानिक परिषदको सदस्य भएर बिभिन्न संवैधानिक आयोगहरुमा नियुक्तिको निर्णय लिने पद पनि हो । यसकारण यो पदलाई राजनीतिक रुपमा पनि उत्तिकै महत्वपूर्ण रुपमा हेरिन्छ । यस पदको गरिमालाई ख्याल गरेर काम गर्ने इन्दिराको प्रतिवद्धता छ ।

## प्रचण्डले ...

रहेको भन्नुले एमाले समेतलाई समेटौं भन्ने भाव पनि स्वभाविक रुपमा आउँछ ।

'संविधानमा समाजवाद उन्मुख नेपालको व्यवस्था सामान्य अर्थमा लेखिएको होइन । नेपाली विशेषताको समाजवादी बाटोका बारेमा अहिले पनि बहस र छलफल चलिरहेको छ,' माओवादी केन्द्रका अध्यक्ष एवं प्रचण्डले भनेका छन्, 'नेपालमा रहेका सबै कम्युनिस्ट पार्टीहरूबीच अहिले यस विषयमा छलफल सुरू भएको छ । तपाईहरूको रचनात्मक भूमिका रहने अपेक्षा छ ।'

मुलुकका दुई ठूला कम्युनिष्ट पार्टी एमाले र माओवादी केन्द्रबीच ३ जेठ २०७५ मा एकीकरण भएको थियो । दुबैले त्यस प्रधानमन्त्रीको बालुवाटारमा वनस्पति जगत्मा जीवित जीवाश्म (लिभिङ फोसिल) भनेर चिनिने जिंगो बिलोबाको विरुवा रोपेका थिए । दोस्रो विश्वयुद्धताका अमेरिकाले जापानको नागासाकीमा परमाणु बम खसालेपछि कुनै बिरुवा उम्रिन सकिरहेको थिएन । त्यस्तो बेला ६ महीनापछि एउटा विरुवा पलाउन थालेको अर्थात, जस्तोसुकै कठिन परिस्थितिमा पनि बौरिन सक्ने उक्त वनस्पतिको प्रकृति र ऐतिहासिकता बुझेरै ओली र दाहालले एकता घोषणाको दिन त्यो बिरुवा रोपेका थिए । तर, नेकपाभित्र एकताको दुई वर्ष पुग्दानपुग्दै कलह बढ्न थाल्यो र एकता भंग भयो । २३ फागुन २०७७ मा सर्वोच्च अदालतले नै नाम सम्बन्धी विवादमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को खारेजी भयो । यसलाई ओली पक्षले सुखद र प्रचण्ड पक्षले दुखद रुपमा लिएका थिए । तर, सर्वोच्चको उक्त फैसलापछि एकता भंग भए पनि व्यवहारिक रुपमा नेकपा दुई चिरा भइसकेको थियो । हाल नेकपा एकीकृत समाजवादी समेत गरी तीन चिरामा छ ।

मुलुकमा एउटै कम्युनिष्ट पार्टी बनाउने महत्वाकांक्षी लक्ष्यसहित एक भएको नेकपाको एकता तीन वर्ष पनि टिक्न नसकेको तितो इतिहास ताजै रहँदा प्रचण्डले फेरि कम्युनिस्ट एकताको विषय उठाएका छन् ।

रोचक छ- एमालेको समर्थनमा प्रधानमन्त्री हुनु भन्दा अगाडि प्रचण्डले समाजवादी केन्द्रको अवधारणा अगाडि सारेका थिए । चुनाव अगाडि एकीकृत समाजवादी, जसपा सहितको समाजवादी केन्द्रको अवधारणा अगाडि सारेका प्रचण्डले चुनाव पछाडि एमालेको समर्थनमा प्रधानमन्त्री भएपछि कम्युनिस्ट एकताको विषय अगाडि सारेका हुन् ।

## राज्यले...

सहुलियत, चिनी मिलको स्थापना लगायतका नौ बुँदे माग राखेर आन्दोलित भएपछि २०७७ साल पुस १३ गते नेपाल सरकारले अनुदान रकम दिने सम्झौता गरे पनि कार्यान्वयन नहुँदा पुनः आन्दोलन गर्नुपरेको किसानको गुनासो छ ।

सरकारले उखुको मूल्य बर्षेनी तोक्ने तर स्थानीय व्यापारीले रकम नदिदाँ थप पीडित भएको कपिलवस्तु किसान संघका अध्यक्ष अनुपकुमार चौधरी बताउँछन् ।

उखुमिल मालिकले मात्रै नभएर सरकारले निर्धारण गरेको मूल्य समेत नपाउँदा किसान दोहोरो मारमा परेका हुन् । त्यसैले उखु किसानले बिहीवार मात्रै सरकारले तोकेको समर्थन मूल्यले खेत जोतेको पैसा पनि नउठ्ने भन्दै मूल्य सच्याउन माग गरेका छन् । मलखाद, बीउ-बिजन, श्रमिक र चिनीको समेत मूल्य बढेको हुदाँ मूल्य सच्याउनु र समयमै किसानलाई मूल्य दिनुको विकल्प नरहेको उनीहरुको गुनासो छ । सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल रु ६ सय १० तोकेको छ भने यो मूल्यमा उद्योगले पाँच सय ४० र सरकारले ढुवानी खर्चबापत रु ७० अनुदान दिने जनाएको छ ।

खेती गर्ने बेलामै उत्पादन खर्च भनेर करिब २५ प्रतिशत नगदै, त्यसपछि उखु मिलमा डेलिभरी गर्ने बेलामा २५ प्रतिशत नगदै र बाँकी ५० प्रतिशतको कुपन उपलब्ध गराएर उखु क्रसिङ सकेको तीन-चार महिनापछि भुक्तानी गर्ने थिति बसाल्न सके उखु किसान र चिनी मिलबीच भुक्तानीका विषयमा वर्षेनी हुने विवाद समाधान हुने सरकार र विज्ञहरुले बताउँदै आएका छन् । तर, किसानका पैसा वर्षौंसम्म नदिएर अन्त लगानी गर्ने व्यापारीहरुलाई कडा कारवाही नगर्दा किसानहरु झनै मारमा पर्न थालेका छन् । तरपनि, सरकार भने वर्षौंदेखि भुक्तानी नपाएका किसानका समस्या हेरेर व्यापारीलाई मौन समर्थन गर्दै आईरहेको छ ।

## वैदेशिक...

गरिने मन्त्री अर्यालले उल्लेख गरे । मन्त्री अर्यालले मन्त्रालयमा रहेको कल सेन्टरलाई तत्कालैबाट प्रभावकारी बनाइने, कामदारको गुनासो सुन्ने भन्दै सात वटै प्रदेशमाबाट अनलाइनमार्फत श्रम स्वीकृति प्रदान गरिने बताए । आफू निजी व्यवसाय सम्मानजनकरुपमा विधिसम्मत सञ्चालन हुनुपर्ने पक्षमा रहेको भन्दै एक-एक श्रमिकको दुःख आत्मसात गरेर जिम्मेवारी बोध गर्न आग्रह गरे ।

मन्त्रालयका सचिव एक नारायण अर्यालले नेपालको श्रम प्रशासन अत्यन्तै झन्झटिलो भएकाले तत्काल त्यसमा सुधार हुनुपर्नेमा प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराए । उनले भने, 'बंगलादेशमा डिमाण्ड आएको एक महिनामा कामदार उडिसक्छ, नेपालमा भने तीन महिना लाग्छ, यो शैलीले वैदेशिक रोजगार क्षेत्रमा सुधार हुन समय लाग्छ ।'

संघका संयोजक विमल ढकालको सभापतित्वमा सम्पन्न उद्घाटन सत्रमा सहसंयोजक प्रेमबहादुर कटुवालले स्वागत मन्तव्य राखेका थिए । त्यस अवसरमा संघमा निरन्तर २३ वर्ष सेवा गरेकी कर्मचारी रमा पराजुलीलाई प्रधानमन्त्री दाहालले ५१ हजार नगदसहिद सम्मान पत्र तथा प्राइम कमर्सियल बैंकका बागमती प्रदेश प्रमुख शिवराज पन्तलाई सम्मान पत्र प्रदान गरिएको थियो ।


**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटहरी, सुनसरी**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/१०/०७**

यस कार्यालयमा दर्ता भएको श्री **सनसाईन एकेडेमी**को नाम परिवर्तनका लागि यस कार्यालयमा निवेदन पेश भए अनुसार उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगंज, पर्सा**

**मेयर रिसर्च फेलोसिप सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति : २०७९/१०/०४)**

यस महानगरपालिकामा आ.व. ०७९/०८० "**वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतसँग सम्बन्धित विभिन्न क्षेत्र**" को लागि **स्नातकोत्तर फेलोसिप (Master Level Thesis Grant)** र **विद्यावारिधि (PhD Thesis Grant)** का लागि देहायका विषयलाई कार्यक्रममा प्राथमिकता दिँदै योग्यता पुगेका इच्छुक नेपाली विद्यार्थी र वीरगंज महानगरपालिकाको कर्मचारीले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा आवेदन दिनुहुन अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | विषय | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्नातकोत्तर फेलोसिप (Master Level Thesis Grant) | २ | नेपाली विद्यार्थीहरुका लागि |
| २. | स्नातकोत्तर फेलोसिप (Master Level Thesis Grant) | २ | महानगरपालिकाको कर्मचारीका लागि |
| ३. | विद्यावारिधि ( PhD Thesis Grant) | १ | नेपाली विद्यार्थीहरुका लागि |

**देहायका विषयहरु**

| क्र.सं. | विषय | क्र.सं. | विषय |
|---|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन | ८. | दिगो विकास |
| २. | जल, वायु, माटो तथा ध्वनिप्रदुषण | ९. | वन, वनपैदावार, वन्यजन्तु तथा हरितक्षेत्र |
| ३. | प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तन | १०. | भू-उपयोग र भूमि व्यवस्थापन |
| ४. | सहरी वनको विकास र व्यवस्थापन | ११. | प्रदुषणबाट स्वास्थ्यमा हुने प्रतिकुल असरहरु |
| ५. | जलश्रोत तथा जल पुनःर्भरण | १२. | सिमसार |
| ६. | जैविक विविधता | १३. | उर्जा |
| ७. | खनिज पदार्थ | १४. | वातावरण मैत्री तथा व्यवसायिक पूर्वाधारहरु |

१. **आवश्यक शैक्षिक योग्यता** : हाल सम्मको सबै शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. **दरखास्त दिने स्थान** : वन तथा वातावरण शाखा, वीरगंज महानगरपालिका ।
३. **दरखास्त दिने अन्तिम मिति** : २०७९/१०/१८ सम्म कार्यालय समय भित्र ।
४. **छनौटको किसिम** : मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७८ अनुसार ।
५. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु ।
- माथि उल्लेखित कुनै एक विषयमा प्रस्ताव (Proposal) ।
- प्रकाशनहरुको सूचि र सम्पर्क विवरण ईमेल तथा फोन नम्बर सहितको व्यक्तिगत विवरण (Resume) ।
- नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित विषयमा विश्वविद्यालयमा अध्ययन गरी राखेको भन्ने विभागीय सिफारिस पत्र ।
- अनुभव खुल्ने कागजात ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।

**Note :** Aplication can also submit by post and email on **info@birgunjmun.gov.np**



**MRP List For Lisha Brand Modular Switches**

**बिक्रताको नामः** Welcome Technol Pvt. Ltd., **ठेगानाः** Bhotebahal-21 । **फोन नं.:** 01-5354706

| S.N. | Product | MRP |
|---|---|---|
| 1 | SPECIAL 7 10A 1-WAY SWITCH -CLASSIC WHITE | 146 |
| 2 | SPECIAL 7 10A 1-WAY SWITCH GRAPHITE GREY-7000GG | 183 |
| 3 | SPECIAL 7 BELL PUSH SWITCH -CLASSIC WHITE-7002W | 381 |
| 4 | SPECIAL 7 BELL PUSH SWITCH GRAPHITE GREY- 7002GG | 420 |
| 5 | SPECIAL 7 10A 2-WAY SWITCH CLASSIC WHITE-7006W | 354 |
| 6 | SPECIAL 7 10A 2-WAY SWITCH GRAPHITE GREY-7006GG | 389 |
| 7 | SPECIAL 7 20A 1-WAY SWITCH CLASSIC WHITE-7007W | 469 |
| 8 | SPECIAL 7 20A 1-WAY SWITCH GRAPHITE GREY-7007GG | 518 |
| 9 | SPECIAL 7 20A 1-WAY SWITCH WITH IND GG-7008GG | 588 |
| 10 | SPECIAL 7 32 DP SWITCH WITH IND WHITE - 7010W | 929 |
| 11 | S7 6 AMP 3- PIN SOCKET WH | 310 |
| 12 | S7 6 AMP 3- PIN SOCKET GG | 354 |
| 13 | S7 6 AMP 3- PIN SOCKET W | 637 |
| 14 | S7 6 AMP 3- PIN SOCKET G GREY | 690 |
| 15 | S7 6 AMP 3- PIN SOCKET GR GREY | 478 |
| 16 | S7 16A 2X1 SOCKET 2M WITH SAFETY SH CW- 7015W | 681 |
| 17 | S7 16A 2X1 SOCKET 2M WITH SAFETY SH GR- 7015GG | 752 |
| 18 | S7 1 M DIMMER 300 WATTS CW - 7017 W | 867 |
| 19 | S7 1M DIMMER 300WATTS GR - 7017 GG | 929 |
| 20 | S7 1M 4 STEP FAN REGULATOR 240V-50-60 HZ GR- 7019GG | 1381 |
| 21 | S7 RED INDICATOR CW - 7021W | 319 |
| 22 | S7 RED INDICATOR GRAPHITE GREY - 7021GG | 354 |
| 23 | S7 BLANK PLATE 1 MODULE CW - 7025W | 88 |
| 24 | S7 BLANK PLATE 1 MODULE GR - 7025 GG | 93 |
| 25 | S7 BUZZER 2 MODULE GR - 7026 GG | 1150 |
| 26 | S7 2 LINE TEL JACK RJ-11 WITH SH 1M CW - 7027W | 403 |
| 27 | S7 2 LINE TEL JACK RJ-11 WITH SHUTTER GR - 7027 GG | 451 |
| 28 | S7 EDP SOCKET OUTLET (CAT-6) CW - 7029 W | 1681 |
| 29 | S7 EDP SOCKET OUTLET RJ-45 (CAT6) GR - 7029 GG | 1836 |
| 30 | S7 SLIMZ 10AMP 1-WAY SWITCH GRAPHITE GREY- 7400GG | 264 |
| 31 | S7 SLIMZ 10AMP 2-WAY SWITCH WHITE-7406W | 354 |
| 32 | S7 SLIMZ 10AMP 2-WAY SWITCH GRAPHITE GREY-7406GG | 389 |
| 33 | S7 SLIMZ 20AMP 1-WAY SWITCH GRAPHITE GREY- 7407GG | 518 |
| 34 | S7 SLIMZ 20AMP 1-WAY SWITCH WITH IND GG - 7408GG | 588 |
| 35 | S7 SLIMZ 32AMP DP SWITCH WITH IND GG - 7410GG | 1027 |
| 36 | S7 CHROME 5 STEP FAN REGUALTOR 2M GR- 7420GG | 1522 |
| 37 | S7 3M TINT GLASS COVER PLATES SNOW WHITE- 7503 | 1925 |
| 38 | S7 4M TINT GLASS COPPER BRONZE COVER PLATE -CBZ7504 | 2570 |
| 39 | S7 4M TINT GLASS COVER PLATES SNOW WHITE-7504 | 2570 |
| 40 | S7 8M TINT GLASS COVER PLATES SNOW WHITE-7508 | 3975 |
| 41 | S7 12M TINT GLASS COVER PLATES SNOW WHITE-7512 | 4750 |
| 42 | S7 8M TINT GLASS COVER PLATES (SQ) GRAPHITE GREY | 3975 |
| 43 | S7 8M TINT GLASS COVER PLATES (SQ) SNOW WHITE | 3975 |
| 44 | S7 8M TINT GLASS COVER PLATE (SQ) CARBON BLACK-7513 | 3975 |
| 45 | S7 1M PLATINA COVER PLATES ALMOND WOOD- 7901AW | 707 |
| 46 | S7 1M PATINA COVER PLATES CLASSIC WHITE- 7901W | 295 |
| 47 | S7 1M PATINA COVER PLATES GRAPHITE GREY- 7901GG | 680 |
| 48 | S7 2M PLATINA COVER PLATES GRAPHITE GREY- 7902GG | 680 |
| 49 | S7 3M PLATINA COVER PLATES ALMOND WOOD- 7903 AW | 905 |
| 50 | S7 3M PLATINA COVER PLATES CLASSIC WHITE- 7903 W | 360 |
| 51 | S7 3M PLATINA COVER PLATES GRAPHITE GREY- 7903 GG | 742 |
| 52 | S7 4M PLATINA COVER PLATES ALMOND WOOD-7904AW | 1150 |
| 53 | S7 4M PLATINA COVER PLATES CLASSIC WHITE-7904W | 440 |
| 54 | S7 4M PLATINA COVER PLATES GRAPHITE GREY-7904GG | 906 |
| 55 | S7 6M PLATINA COVER PLATES ALMOND WOOD- 7906AW | 1540 |
| 56 | S7 6M PLATINA COVER PLATES CLASSIC WHITE- 7906W | 625 |
| 57 | S7 6M PLATINA COVER PLATES GRAPHITE GREY- 7906GG | 1285 |
| 58 | S7 8M PLATINA COVER PLATES ALMOND WOOD- 7908AW | 1915 |
| 59 | S7 8M PLATINA COVER PLATES BLACK OAK- 7908BO | 1915 |
| 60 | S7 8M PLATINA COVER PLATES GRAPHITE GREY- 7908GG | 1625 |
| 61 | S7 12M PLATINA COVER PLATES ALMOND WOOD- 7912AW | 2170 |
| 62 | S7 12M PLATINA COVER PLATES TEAK WOOD- 7912TW | 2170 |
| 63 | S7 12M PLATINA COVER PLATES BLACK OAK- 7912BO | 2170 |
| 64 | S7 12M PLATINA COVER PLATES CLASSIC WHITE- 7912W | 920 |
| 65 | S7 8M SQ PLATINA COVER PLATES ALMOND WOOD - 7913AW | 1915 |
| 66 | S7 8M SQ PLATINA COVER PLATES BLACK OAK - 7913BO | 1915 |
| 67 | S7 8M SQ PLATINA COVER PLATES GRAPHITE GREY - 7913GG | 1625 |
| 68 | SPECIAL 7 DO NOT DISTURB GRAPHITE GREY - 7604 GG | 1550 |
| 69 | S7 12M PLATINA COVER PLATES GRAPHITE GREY- 7912GG | 1815 |

**45% Discount on all above Price List**
**Exclusive 0f 13% Vat**

# हुम्लामा भारी हिमपात, किसान हर्षित



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ६ माघ

हिमाली जिल्ला हुम्लामा भारी हिमपात भएको छ । हिमपात हुँदा तापक्रम माइनस ११ डिग्री सेल्सियस पुगेको छ । जिल्लामा हिमपात हुँदा मानिसको चहलपहल निकै कम देखिएको छ । लामो समयपछि जिल्लामा हिमपात हुँदा किसानहरु भने हर्षित भएका छन् । विगत वर्षमा कात्तिक महिनाबाटै हिमपात हुने हुम्लामा यो वर्ष भने माघको पहिलो साताबाट मात्रै हिमपात भएको हो । जेठ महिनामा पाग्ने बालि जौं, गौं, उवा राम्रो हुने सिमकोट गाउँपालिका वडा ७ का किसान लालबहादुर शाहीले बताए ।

किसान शाहीले यो वर्षको पहिलो हिमपातले पूर्ण रुपमा स्याउ, ओखर, आरु जस्ता फलफुललाई पनि फुल फुल्न र पालुवा पलाउन पानीको आवश्यकता हुने भएकाले हिँउले हानि नगरेर फाइदा गर्ने बताए ।

त्यस्तै खार्पुनाथ वडा ५ का किसान गोर्ख रोकायाले जिल्लामा अझै ठूलो हिउँपात नभएपनि हल्का हुँदा फाइदा पुग्ने बताए । जिल्लाको मौसममा बुधबार देखि फेरबदल भएर शुक्रबार रातिबाट भारी हिमपात भएको हो । हिमपात भएपछि जिल्लामा बसोबास गर्ने नागरिकको जनजीवन भने कष्टकर बनेको छ ।

हिउँले गर्दा उत्तरी नाम्खा गाउँपालिकाका नागरिकको जनजीवन थप कष्टकर बनेको गाउँपालिकाका उपाध्यक्ष दक्दिर लामाले बताए ।

उपाध्यक्ष लामाका अनुसार गाउँपालिका पुरै सेताम्बे हुँदा गाई, गोरु चरिचरानमा पनि समस्या भएको छ । नाम्खा गाउँपालिकाको तापक्रम माईनेस १४ डिग्री सेल्सियस पुगेको छ भने हिउँ २ फिट जमेको छ । त्यस्तै हुम्लाको मध्य क्षेत्रमा पर्ने तीन वटा गाउँपालिकामा भने पानी परिरहेको सर्केगाड गाउँपालिकाका स्थानीय रवीन्द शाहीले बताए । समग्र रुपमा हिउँ पर्दा जिल्लाका किसानहरु हर्षित भएको सिमकोट गाउँपालिका कृषि शाखा प्रमुख नेत्र बहादुर शाहीले बताए । जिल्लामा करिब २ फिट जति हिउँ जमिसकेको छ भने हिमपात निरन्तर भइरहेको छ ।

## बाजुराका हिमाली भेगमा हिमपात



**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
बाजुरा, ६ माघ

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावका कारण बाजुरामा हिमपात भएको छ । जिल्लाको पूर्वी-उत्तरी भेगका हिमाली भेगमा वर्षासँगै हिमपात शुरु भएको हो ।

पूर्वी-उत्तरी भेगको चार पालिकाका र बडीमालिका, बूढीनन्दालगायत पर्यटकीय क्षेत्रमा हिमपात भइरहेको छ । बिहीबारदेखि मौसम बदलीसँगै चिसो बढ्न थालेपछि जिल्लाको जनजीवन प्रभावित बन्दै गएको छ । वर्षासँगै हावाहुरीसमेत चल्न थालेको छ ।

चिसो बढेपछि स्थानीय आगो ताप्न थालेका छन् । मौसम बदलीका कारण जिल्लाको तापक्रम दुई डिग्री सेल्सियसमा झरेको छ । चिसो बढेपछि स्वास्थ्य संस्थामा बिरामीको चाप बढ्न थालेको छ । हिमपात हुन लागेपछि कृषक खुसी भएका छन् । वर्षाका कारण लगाएको खेती सुकेर जान थालेको बेला पानी परेपछि किसानलाई राहत पुगेको छ ।

जिल्लाको पूर्वी-उत्तरी भेगका हिमाली, स्वामी कात्तिक, जगन्नाथ गाउँपालिका र बूढीनन्दा नगरपालिकाका उच्च भागमा हिमपात भएको छ । मार्तडी-कोल्टी सडकमा पर्ने पोरखे लेकमा हिमपात भएपछि आवत-जावत गर्न समस्या भएको छ ।

# सांसद कोइरीलाई पक्राउ गर्न गृहको निर्देशन



**काठमाडौं/मस–** नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको छ ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै गृह मन्त्रालयले कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी सांसद कोइरीलाई पक्राउ गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको हो ।

गृहमन्त्री रवि लामिछानेले सांसद कोइरीलाई कानुनबमोजिम पक्राउ गर्न पटकपटक प्रहरीलाई मौखिक निर्देशन दिएपनि अझै उनलाई पक्राउ नगरिएको भन्दै मन्त्रालयले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

'निज प्रतिवादीलाई कानुनबमोजिम पक्राउ गरी तत्काल कारबाही अगाडि बढाउन मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको व्यहोरा अनुरोध छ,' मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# विपन्न परिवारलाई कम्बल



**सर्लाही/मस –** सर्लाहीको लालबन्दी नगरपालिकाका विभिन्न ६ वटा वडामा लायन्स क्लबले १ सय २० विपन्न परिवारलाई कम्बल वितरण गरेको छ ।

लायन्स क्लब अफ लालबन्दी सेन्चुरी र लालबन्दी सिटीको संयुक्त आयोजनामा लालबन्दी नगरपालिका ५, ६, ७, ८, १३ र १५ मा गरी ६ वटा वडामा चिसोबाट अतिप्रभावित १ सय २० विपन्न परिवारलाई कम्बल वितरण गरिएको लायन्सका पाष्ट प्रेसिडेन्ट शाकार शर्माले जानकारी दिए ।

विपन्न परिवारलाई जाडोमा न्यानो होस् भन्ने उद्देश्यले कम्बल वितरण गरिएको लायन्स क्लब सेन्चुरीका उपाध्यक्ष मोहनकुमार राउतले जानकारी दिए । उनका अनुसार लायन्सका जोन चियर पर्सन गोपाल बहादुर श्रेष्ठको अध्यक्षतामा पाष्ट प्रेसिडेन्ट शर्मा, वर्तमान प्रेसिडेन्ट सुशील दाहाल, सिटीका प्रेसिडेन्ट चिरन्जीवी खतिवडालगायत लायन्स क्लबका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# रसुवागढी नाका बन्द

**काठमाडौं/मस–** चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढी शुक्रबारदेखि बन्द भएको छ । चिनियाँ नयाँ वर्षका कारण चीनले नाका बन्द गरेको हो ।

रसुवा भन्सार कार्यालयका सूचना अधिकारी भरतराज अधिकारीका अनुसार शुक्रबारदेखि माघ २० गतेसम्मका लागि नाका बन्द गरेको हो । आउँदो आइतबार चिनियाँ नयाँ वर्ष सुरु हुँदैछ । पछिल्लो समय नाकाबाट दैनिक १४ वटा चिनियाँ ट्रेलरले सामग्री आयात गर्दै आएका छन् ।

हरेक १५ दिनमा नेपाली सामग्री चिनियाँ बजारमा निर्यात समेत हुने गरेको छ । एक महिनामा नेपालबाट ३९ कन्टेनर सामान चीन निर्यात भएको छ ।

एक महिनामा छ करोड बराबरको ३९ कन्टेनर सामान चीनतर्फ गएको रसुवा भन्सार कार्यालयले जनाएको छ । दुई देशबीच व्यापारका लागि सञ्चालनमा रहेका दुई भन्सार नाका सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी स्वभाविक अवस्थामा फर्किन सकेका छैनन् भने अन्य जिल्लामा खोल्न प्रस्ताव गरिएका नाकाको कार्यप्रगति नगण्य छ ।

सामान्य अवस्थामा दुई देशबीच वार्षिक रु साढे दुई खर्बभन्दा बढीको वैदेशिक व्यापार रहेको भन्सार विभागको तथ्यांकबाट देखिन्छ तर चीनसँगको व्यापारमा जोडिएका नेपालका



दुई भन्सार कार्यालय तातोपानी र रसुवागढीको अवस्था पछिल्ला वर्षहरुमा निकै कमजोर छ । विसं २०७२ को भूकम्पपछि थलिएको सिन्धुपाल्चोकको तातोपानी नाका अझै लयमा फर्किन सकेको छैन । भूकम्प अघि वार्षिक रु.डेढ खर्ब बराबरको कारोवार तातोपानी भन्सार बाट हुन्थ्यो । जसबाट सरकारले वार्षिक करिब रु.छ अर्ब राजस्व उठाउने गरेको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ ।

चालु आर्थिक वर्षको पाँच महिनाअर्थात् गत मङ्सिर मसान्तसम्ममा तातोपानी भन्सारबाट रु चार अर्ब ४२ करोड २४ लाख २३ हजार बराबरको वस्तु आयात भएको देखिन्छ । नेपालबाट चीनमा हुने वस्तु निर्यात भने शून्य छ । तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीका अनुसार अहिले त्यहाँ मासिक औसत २४ करोड बराबर राजस्व उठ्ने गरेको छ ।

कुनै समय तातोपानी भन्सार कार्यालय सञ्चालनका लागि ८० देखि ८५ जनासम्म कर्मचारी खटिने गरेका थिए । अहिले १४ जना कर्मचारी मात्रै त्यहाँ छन् । विसं २०७२ सालको भूकम्पका कारण तातोपानी नाकाको चीनतर्फको क्षेत्र खासा बजार पनि निकै प्रभावित भएको थियो । अहिले उक्त बजार पूर्णरुपमा बन्द छ । चीनले त्यहाँबाट बस्तीसमेत हटाइसकेको छ । भौगर्भिक अध्ययन पछि उक्त क्षेत्र मानव बसोबासका हिसाबले असुरक्षित देखिएको जनाउँदै चीनले बस्ती सारेको हो । अहिले त्यहाँ चिनियाँ सुरक्षाकर्मीको क्याम्प मात्र रहेको छ । चीनतर्फको भन्सार कार्यालयसमेत हटिसकेको छ । खासा क्षेत्रमा बजार बसाउन भौतिक संरचना निर्माण र सडक सञ्जाल निर्माणमा चीनले चासो देखाएको छैन । नेपालका लागि चीनसँगको व्यापारमा रसुवागढी भन्सार भन्दा तातोपानीबाट सामान आयात गर्दा ढुवानी भाडा सस्तो हुने र पूर्वाधारका हिसाबलेसमेत त्यहाँ उपयुक्त भए पनि चीनको बेवास्ताका कारण त्यहाँबाट हुने व्यापार खुम्चिँदै गएको छ ।


## पुचौँडी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हाँटबैतडी
सुदूरपश्चिम प्रदेश ,नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः- २०७९/१०/०७)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०८/२३ को "अन्नपूर्ण राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको मूल्याङ्कनमा निम्न तालिकामा उल्लिखित योजना र ठेक्काहरूमा तपसीलका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | Construction of Kuwakot-Sibawa Slatekhani Road. | PNP/BTD/NCB/09/079/080 | श्री इन्द्रायणी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. वार्ड न. -१०, काटमाडौं । | ४०,४९,४३६।६३ |
| २ | Construction of Saafe-Nwala-Bhadsaini-Gannasimar Road. | PNP/BTD/NCB/10/079/080 | श्री इन्द्रायणी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. वार्ड न. -१०, काटमाडौं । | ६२,२८,८९१।७७ |
| ३ | Construction of Rasedadhar-Kafali- Bagaura - Phalamkhani Sadak. | PNP/BTD/NCB/11/079/080 | एच.वि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. पु.न.पा.-०६, बैतडी । | ३०,३५,९६०।४४ |

प्रमुख प्रशासकीय अधिकृत



## भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत

**जग्गा खरिद संम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित (मिति २०७९।१०।७ गते )

यस नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालय भवन निर्माण गर्नु पर्ने भएकाले जग्गा बिक्री गर्न इच्छुक व्यक्ति वा संस्थाले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको दरभाउपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १५ औं(पन्ध्र) दिनको कार्यालय समयभित्र दरभाउपत्र फारम यस कार्यालयबाट दरभाउपत्र दाताले आ.ब.०७८।०७९ को तिरो तिरेको नगदी रसिद ,लालपूर्जा प्रमाणपत्रको प्रतिलिपी ,नेपाली नागरिताको प्रमाणित प्रतिलिपी र निबेदनसाथ यस कार्यालयको स्थानिय तह संचितकोष खाता नं.०७२१००११४६०३७२२१ मा रु.१०००।(एकहजार) जम्मा गरेको सक्कल भौचर वा कार्यालयलबाट नगद जम्मा गरी लिइएको नगदी रसिद (रकम फिर्ता नहुने गरी) पेश भएपछि नियमानुसार दरभाउपत्र यस कार्यालयबाट उपलब्ध गराइनेछ ।
२. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।
३. दरभाउपत्र फारमसाथ जमानत बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि.छिन्चु शाखा कार्यालय स्थित रहेको धरौटी खाता नं.०७२१००११४६०३७१६७ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको जमानीपत्र (बिडबण्ड) दरभाउसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर,रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।
४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनि बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. पेश भएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
६. दरभाउपत्र संबन्धि अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन ।
७. अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४(बाह्र औं संशोधन सहित) बमोजिम हुनेछ ।
८. अन्य थप केही कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको टेलिफोन नं.०८३५४०१५४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | कामको विवरण | आवश्यक क्षेत्रफल | दरभाउपत्र फारम दस्तर | जमानत रकम |
|---|---|---|---|---|
| ०१/०७९/०८०/ज. ख. | जग्गाको चार किल्ला पुर्वमा रुमाले खोला,पशिचममा प्रा.वि. मूलपानी,उत्तरमा डुमकोट खोला र दक्षिणमा कार्कीको पिपल चौतरा । | २ देखि ३ रोपनी | १०००। | कम्तिमा कबोल अंकको २.५ प्रतिशत |

प्रमुख प्रशासकिय अधिकृत



## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७९।१०।०७

यस गाउँपालिकाको मिति २०७९।०९।०५ मा बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाको कार्यालयमा ठेक्का नं. ०१।२०७९।८० को जस्तापाता खरिद कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल वमोजिमको बोलपत्र न्यूनतम मूल्याकिंत तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) वमोजिम वोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | स्थान | बोलपत्रदाताको नाम, ठेगाना | कवोल रकम मु.अ.कर बाहेक | जमानत वापतको रकम |
|---|---|---|---|---|---|---|
| ०१ | ०१/२०७९/०८० | जस्तापाता खरिद कार्य | पोक्लावाङ, तेह्रथुम | लक्ष्मी सप्लायर्स, धनकुटा | रु.४४,१७,२००।०० | १,५०,०००।०० |


प्रमुख प्रशासकिय अधिकृत

कथा

# पापको परिणाम



■ राजेश भट्टराई



> सुशीलको बिहे त गरिदिए तर, केटी निकै खतरनाक ! बुहारी बन्न होइन, कजाउन आएकी जस्ती । बिहान पनि निक्कै ढिलो उठ्थी । सासुले ओछ्यानमै चिया लगिदिनु पर्थ्यो । सुशीलले “यस्तो नगर न” भन्दा “तिमीले नै गर न त काम” भनेर थर्काउँथी । बिदाको दिन पनि घरको काम गर्दैन्थी । सुशीलसँग खाली “घुम्न जाम” मात्रै भन्थी । नगए साथी खोजेर जान्थी । कहिलेकाँही त आफ्ना लुगा पनि सासुलाई “धुनु है” भनेर भन्थी ।

एउटा गरिब परिवार थियो, बिहान साँझको छाक टार्न पनि सधैँ केही न केही गर्नै पर्ने । त्यसमाथि श्रीमतीको पेटमा भर्खर भ्रूण बसेको । केही खायो कि वान्ता गरिहाल्ने, अडिँदै नअडिने । लखतरान पर्थिन् उनी । दोधारमा पर्थ्यो ऊ । काममा जाऊ कि बुढीलाई हेरेर बसुँ ? कहिले काममा जाने, कहिले बुढी कुरेर बस्ने गर्दागर्दै बित्यो समय । पछि पछि त वान्ता हुन छोड्यो अनि जान थाल्यो सधैँ काममा ।

एउटाको कमाईले खान लाउन मात्र पुग्थ्यो । केही बँच्थेन । त्यसैले वान्ता हुन छाडेपछि श्रीमतीले श्रीमानलाई भनिन्, “मैले पनि केही काम गर्छु, तपाईंको मात्र कमाईले त थोरै पनि बचाउन सकिएन ।”

पेट तिर देखाउँदै भनिन्, “पछि यसलाई जन्माउने, हुर्काउने, बेलामा झनै गाह्रो हुन्छ ।”

यसो विचार गर्‍यो । अनि हो जस्तो नै लाग्यो, भन्यो, “ठीकै छ तर, ख्याल राखेर गर्नु नि, काम ।”

एउटाको कमाई बच्यो । केही पैंसा बचत भयो । नौ महिना पछि छोरा जन्मियो । न्वारान गरे, बाहौँ दिनमा । राखे नाम, ‘सुशील’ ।

जन्माउँदा, न्वारन गर्दा, हुर्काउँदा, बढाउँदा बचत भएको पैंसा सबै सकियो । स्कुल लगाइदिने उमेर पनि भयो । लगाईदिए स्कुल । अनि भन्न थालिन्, “अब त बाबु स्कुल गएको बेलामा मैंले पनि काम गर्छु ।”

उसले पनि चाहेको त्यही थियो । भन्यो, “हुन्छ ।”

अलि अलि बचत भएको पैंसाले दुई वर्ष पछि एउटा पसल खोले । राम्रो चल्यो । दुवै जना ज्याला मजदुरी गर्न छोडेर पसलमै व्यस्त भए । पाँच वर्षमै एउटा दुई तले घर बनाए । विपन्न परिवार मध्यम वर्गमा परिणत भयो ।

दुःखमा हुर्केको सुशील गतिलो भयो । नाम जस्तै उसको काम थियो । छोरा भनेपनि हुने, छोरी भने पनि हुने । घरको काम, बाहिरको काम, सबै जानेको । खाना पनि मिठो पकाउँथ्यो । बजार गएर राम्रो-राम्रो ताजा तरकारी पनि भाउ मिलाएर ल्याउँथ्यो । पढाइमा पनि अब्बल थियो । सधैँ राम्रो नम्बर ल्याएर पास हुन्थ्यो ।

एस.एल.सी. डिसटिंन्सन ल्याएर पास भई उच्च शिक्षा हासिल गर्न कलेज भर्ना भयो । कलेजमा उसँगै पढ्ने एउटी केटी थिइन्, सुशीला । उनी पनि सबै कुरामा सुशील जत्तिकै गुणवान थिइन् । समय बितेसँगै उनीहरु एक अर्काका असल साथी बन्न पुगे ।

तर, सुशीलाको परिवार भने निम्न वर्गको थियो । घरकाले पढाउन नसकेर एउटा प्राइभेट जागिर गर्दै पढ्दै गरेकी थिइन् । बाउ बसले किचेर बितिसकेकोले आमासँग मात्र बसेकी थिइन् । आमाले ज्याला मजदुरी गरेर आफु अनि छोरीको पेट पालेकी थिइन् । अब आमालाई धेरै दुःख दिनु हुँदैन भनेर जागिर गर्दै पढ्दै गरेकी उनले सुशीललाई आफ्नो पारिवारिक अवस्था सबै बताएकी थिइन । उसले ढाडस मात्र दिने हैन सहयोग पनि गर्थ्यो । क्लास छोडेर काममा जाँदा अर्को दिन नोटहरु पढ्न सार्न दिन्थ्यो । नबुझेको कुराहरु सिकाउँथ्यो । पढाउँथ्यो । यस्तो सहयोगी साथी पाउँदा उनी पनि औधी खुसी हुँदै उसलाई बुद्ध ठानेर मनमनै पुजा गर्थिन् । उ पनि उनको मिहिनेतको उच्च प्रशंसा गर्थ्यो ।

निकट साथित्वको साथ समय बित्दै जाँदा विस्तारै विस्तारै प्रेममा बदलिन थाल्यो । उसको मनमा उनीप्रति प्रेमभाव पलाउन थाल्यो । त्यसैले एकदिन भन्यो, “सुशीला हाम्रो यो कलेजको निकटको साथित्वलाई जिन्दगी भरको साथित्वमा परिणत गर्दा कसो होला ?”

उनले नबुझे जस्तो गरी भनिन्, “साथी त हामी सधैँलाई छौ नि ।”

“मैले त्यो मात्र भनेको होइन ।”

“के हो त ?”

“हाम्रो यो साथीको सम्बन्धलाई अहिले प्रेमी प्रेमीका र पछि जीवन साथीको रूपमा बदलौं भनेको हो ।”, उसले प्रष्ट भन्यो ।

> एकदिन बा-आमाले सुशीलालाई घरमा बोलाउन भने । सुशीलले बोलायो । तर, बा-आमाले सुशीलालाई “सम्पति देखेर आउन खोजेको हो ?” जस्ता अनेकन तुच्छ शब्दले गाली गरे । उनी रुँदै फर्किइन् । बा-आमाले मान्दै नमाने पछि ऊ अन्तिम पटक उनलाई भेट्न गयो र रुँदै माफी माग्यो । उनी पनि धेरै रोइन । रुँदै अन्तिम पटक अँगालोमा बाँधिए र छुट्टिए ।

उनको लागि यो अप्रत्याशित नभए पनि सिरियस भइन् र भनिन, “सुशील म कुन ब्याकग्राउण्डको मान्छे, तिमी कुन ब्याक ग्राउण्डको, मलाई तिम्रो परिवारले स्वीकारलान् त ?”

“त्यस्को तिमीले चिन्ता लिनै पर्दैन । मलाई मेरो घरकाले एकदमै राम्रो मान्छन् । मैले भनेपछि हुन्न भन्दैनन्”, उसले ढुक्कले भन्यो ।

“त्यहीँ पनि एकचोटी राम्ररी विचार गर । प्रेममा परेर पछि विछोड हुँदा गहिरो पीडामा डुबेकाहरु मैंले धेरै देखेको छु । त्यस्तो पीडामा म पर्न चाहान्न ।”

“त्यस्तो हुँदैन के ! मेरो विश्वास गर न ! मेरो भर पर न ! आखिर हामी पनि पहिलेदेखि कहाँ धनि हो र ? धेरै संघर्ष गरेर यो अवस्थासम्म आएका हौं ।”

“ल ल हुन्छ त्यसो भए ।” सुशीलाले सहमती जनाइन् ।

समय बित्दै गयो । पढाइ पनि सकियो । सुशीलले एउटा संस्थामा राम्रो जागिर भेट्यो । अब त बिहे गर्नुपर्छ भन्दै घरमा बिहेको लागि केटी हेर्न शुरु भयो । उसले “अन्त केटी नहेर्नु, मैले हेरिसकेको छु” भन्यो । बा-आमाबाट को केटी ? कस्ती केटी ? सबै सोधनी भयो । सबै यथार्थ बतायो । अस्वीकार गरे र भने, “आफ्नो स्तर मिल्ने हुनुपर्छ ।”

उसले बा-आमाको असली रूप बल्ल देख्यो र स्तब्ध भयो । तैपनि सुशीलाको गुणहरूको चर्चा गर्दै सम्झाउन कोशिश गर्‍यो तर, भएन । अन्तिममा “सुशीलासँग बिहे गर्न पाइन्न भने बिहे नै गर्दिन” भनेर अड्डी कस्यो । र, एकदिन भेटेर सुशीलालाई सबै कुरा भन्यो । उनी धेरै चिन्तित भइन् ।

एकदिन बा-आमाले सुशीलालाई घरमा बोलाउन भने । सुशीलले बोलायो । तर, बा-आमाले सुशीलालाई “सम्पत्ति देखेर आउन खोजेको हो ?” जस्ता अनेकन तुच्छ शब्दले गाली गरे । उनी रुँदै फर्किइन् । बा-आमाले मान्दै नमाने पछि ऊ अन्तिम पटक उनलाई भेट्न गयो र रुँदै माफी माग्यो । उनी पनि धेरै रोइन । रुँदै अन्तिम पटक अँगालोमा बाँधिए र छुट्टिए ।

